म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ३३ शनिबार १५ भदौ २०८१ ने. सं. ११४४ गुँलागा 31 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

# अढाई महिनापछि हेटौंडा सिमेन्ट उद्योगको उत्पादन सुचारु

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/हेटौंडा सिमेन्ट उद्योगले अढाई महिनापछि क्लिङ्कर उत्पादन सुचारु गरेको छ । उद्योगलाई आवश्यक पर्ने कच्चापदार्थ कोइला अभाव, उत्पादित सिमेन्ट बिक्री नहुने, बिग्रेका मेशिन मर्मत गर्ने रकम अभाव जस्ता कारणले अढाई महिनादेखि उद्योगको उत्पादन बन्द थियो ।

उद्योगले उत्पादन गरेको सिमेन्ट बिक्री हुन नसकेका कारण केही महिना अघिसम्म समस्या थियो तर, अहिले उद्योगमा करिब ३५ सय बोरा तयारी सिमेन्ट मौज्दात रहेको हेटौंडा सिमेन्ट उद्योग ब्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले जानकारी दिए । करिव २० दिनका लागि आवश्यक कोइला मौज्दात राखेर उद्योग संचालन सुरु गरिएको अध्यक्ष भण्डारीले साझाकुरालाई बताए ।

उद्योगले उत्पादन गरेको सिमेन्ट बिक्री नभएपछि स्टकमा बसेको र कोइला खरिद गर्न रकम अभाव भएको उद्योगका नायव महाप्रबन्धक (डीजीएम) नबीनकुमार कर्णले बताए । उद्योगले केही दिन अघिमात्र कोइला खरिद गरेको कर्णले जानकारी दिए । भारत, ईण्डोनेसिया र भुटानबाट उद्योगलाई आवश्यक पर्ने कोइला बोलपत्रमार्फत् आपूर्ति गर्दै आएको छ ।




कच्चापदार्थ भन्दा पनि चार दसक पुराना मेशिन पटकपटक बिग्रेर मर्मत गर्ने काममा समस्या रहेको थियो । उद्योगलाई आवश्यक पर्ने कोइला उद्योगमा मौज्दात भएपछि पुन: सिमेन्ट उत्पादन सुरु गरिएको हो । गतसाता संघीय उद्योगमन्त्री दामोदर भण्डारी, प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलालगायतको टोलीले हेटौंडा सिमेन्ट उद्योगको बर्तमान अवस्था अवलोकन गरेपछि हेटौंडा सिमेन्ट उद्योगलाई बिशेष बजेटको ब्यवस्था गरेर संचालनमा ल्याउने सरकारको तयारी रहेको अध्यक्ष भण्डारीले जानकारी दिए ।

तत्कालीन श्री ५ को सरकारले २०३३ सालमा हेटौंडा-९ लामसुरेमा सिमेन्ट उद्योग स्थापना गरेको हो । तत्कालीन समयमा १ अर्ब ३८ करोड ९० लाख रुपैयाँको लागतमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगले २०४३ मंसिर २६ गतेदेखि ब्यावसायिक उत्पादन सुरु गरेको थियो । पछिल्लो ५ वर्ष यो उद्योग घाटामा संचालन भइरहेको छ । विद्युत महशुल बढेको र सिमेन्टको बजार मूल्य घटेको कारण पनि उद्योगले घाटा ब्यहोर्नु परेको बताइएको छ ।

उद्योगका मेशिनरी उपकरण चारदसक पुरानो भएकोले केही उपकरण तत्कालै फेर्नुपर्ने अवस्थामा रहेको अध्यक्ष भण्डारीले बताए । उद्योगलाई निजी क्षेत्रको उत्पादनसँग प्रतिष्पर्धात्मक रुपमा संचालन गर्नका लागि पुराना उपकरण हटाएर आधुनिक उपकरण जडान गर्नुपर्ने भण्डारीको भनाइ छ । निजी क्षेत्रका सिमेन्ट उद्योगसँग प्रतिष्पर्धा गर्नका लागि आवश्यक रकम सरकारले ब्यवस्था गरेपछि मात्र उद्योग निरन्तर संचालनमा आउने अवस्था रहेको अध्यक्ष भढारीले बताएका छन् ।

उद्योगमा मौज्दात रहेको तयारी सिमेन्ट बिक्री गरी असार मसान्तसम्मको तलबभत्ता उपलब्ध गराइएको बताइएको छ । उद्योग पूर्णरुपमा बन्द भएको अवस्थामा पनि तलबभत्तामा मात्र मासिक करिव एक करोड रुपैयाँ खर्च आउने अध्यक्ष भण्डारीले बताए । कुनै समय एक हजार कामदार कर्मचारीले काम गर्ने हेटौंडा सिमेन्ट उद्योगमा अहिले स्थायी, अस्थायी, दैनिक ज्यालादारीका समेत करिव तीन सय कामदार कर्मचारी कार्यरत छन् ।

उद्योगको दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन गर्ने क्षमता थियो तर, एक दसकदेखि उद्योग पूर्ण क्षमतामा संचालन हुन सकेको छैन । उद्योगले धादिङस्थित जोगीमारा, मक्वानपुरको आमभञ्ज्याङ स्थित मजुवा, भैंसे र ओखरे खानीबाट चुनढुंगा ल्याएर सिमेन्ट उत्पादन गरिरहेको छ । उद्योगमा ३ सय ७० कर्मचारी कार्यरत् छन् । निजीक्षेत्रका ठूला उद्योगको उत्पादनसँग प्रतिष्पर्धा गर्न उद्योगलाई निकै ठूलो चुनौती भएको छ ।

हेटौंडामा मात्रै तीनवटा ठूला सिमेन्ट उद्योग छन् । शिवम् सिमेन्ट, रिद्धिसिद्धि सिमेन्ट र पूर्णसरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगले उत्पादन गरेको सिमेन्टको बजार भने दिनदिनै खुम्चँदै गएको छ । पछिल्लो समयमा देखिएको आर्थिक मन्दीको प्रभाव सिमेन्ट बिक्रीमा पनि परिरहेको हेटौंडाका सिमेन्ट बिक्रेताहरु बताउँछन् ।

# प्रदेश हस्तकलाग्रामसम्वन्धी विधेयकको सुझावपत्र हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/'प्रदेश हस्तकलाग्राम स्थापना तथा संचालनको सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक २०८०' का विषयमा सरोकारवालाले दिएको सुझावलाई बागमती प्रदेशसभा समितिको बैठकमा प्रस्तुतीकरण गरिएको छ ।

बागमती प्रदेशको उद्योग, पर्यटन तथा वातावरण समिति बैठकमा विधेयकका विषयमा बिहीबार आयोजित कार्यक्रममा सहभागीले दिएका राय, सुझाव लिखितरुपमा बैठकमा प्रस्तुतीकरण समेत गरेर यसका बारेमा समीक्षा गर्दै सुझावपत्र हस्तान्तरण गरिएको हो ।

सभापति, सांसद, समितिका सचिव, समितिका कर्मचारी र सरोकारवालाबीचमा अन्तरक्रियामा आएका सुझावलाई लिखित रुपमा पेस गरेको हो । जनपत्र मिडिया प्रा.लि. को आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्वन्धमा व्यावस्था गर्न बनेको विधेयकका विषयमा बागमती प्रदेशको उद्योग, पर्यटन तथा वातावरण समिति सभापति, सांसद, समितिका सचिव, समितिका कर्मचारी र सरोकारवाला बीचमा अन्तरक्रियामा आएका सुझावलाई लिखित प्रस्तुतीकरण गर्दै पेस गरिएको हो ।

अर्न्तक्रियामा यहाँका उद्योगी, ब्यवसायी, मानवअधिकारकर्मी, हस्तकला ब्यवसायी, घरेलु तथा साना उद्योगामा आवद्ध ब्यवसायी तथा मजदुर, सहकारी सञ्चालक, लघुउद्यमी, मकवानपुर उद्योग वाणिज्यसंघका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि लगायतले दिएका सुझावलाई लिपिबद्ध गरी हस्तान्तरण गरिएको हो । जनपत्र मिडिया प्रालिका अध्यक्ष हरि हुमागाई, अधिवक्ता बालकृष्ण अधिकारीले बागमती प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण समिति सभापति आनन्दकुमार श्रेष्ठलाई हस्तान्तरण गरे ।

कार्यक्रममा सहभागी प्रदेशसभा सदस्य तथा समितिका सदस्य भारती पाठक, रुकु चौलागाईं, ठुला थामी, बालकुमारी बिस्वकर्मा, भुवनकेशरी श्रेष्ठ र समिति सचिव राजु श्रेष्ठलाई 'प्रदेश हस्तकलाग्राम स्थापना तथा संचालनको सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक २०८०' सरोकारवालाले दिएको सुझावलाई समेट्नका लागि हस्तान्तरण गरिएको हो ।

विधेयकमा सरोकारवालाले दिएको सुझा धेरै भन्दा धेरै कार्यान्वयन गरिने समितिका सभापति श्रेष्ठले बताए । सुझाव कार्यान्वयन गर्दै अगाडि बढ्न आफूहरु तयार रहेको उनले बताए । बागमती प्रदेशसभा सदस्य तथा समितिका सदस्य पाठकले समितिमा छलफलकै चरणमा रहेको विधेयकमा दिएका सुझा कानून बनाउन सहज भएको र त्यसलाई कार्यान्वयन गर्ने बताए ।

# हेटौंडा अस्पतालमा सशुल्क ओपीडी सेवा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/मदन भण्डारी स्वास्थ्यविज्ञान प्रतिष्ठान अन्तर्गत सञ्चालित हेटौंडा अस्पतालले विस्तारित ओपीडी सेवा सुरु गर्ने भएको छ ।

भदौ १६ गतेदेखि शनिबार बाहेक दिउँसो ४ बजेदेखि बेलुका ६ बजेसम्म अस्पतालले विस्तारित ओपीडी सेवा सुरु गर्न लागेको हो ।

शुक्रबार पत्रकार सम्मेलन गर्दै अस्पतालका निर्देशक धिरेन्द्र गिरीले विरामीको अध्यधिक चापलाई मध्यनजर गर्दै विस्तारित बहिरंग सेवा इएचएस अर्थात् पेइङ सेवा सुरु गर्न लागिएको बताए । यो सेवामा विशेषज्ञ चिकित्सकबाट मात्र सेवा प्रदान गरिने उनले जानकारी दिएका छन् ।

पेइङ सेवाका लागि टिकट शुल्क ५ सय तोकिएको छ । पेइङ सेवामार्फत् जनरल मेडिसिन, स्त्री तथा प्रसुति विशेषज्ञ सेवा, बालरोग विशेषज्ञ सेवा, नशा तथा हाडजोर्नी विशेषज्ञ सेवा, मनोरोग सेवा, भिडियो एक्सरे सेवाका साथै ल्याब सेवा उपलब्ध हुने निर्देशक गिरीले बताए । ल्याव परीक्षण शुल्क भने अस्पतालले तोकेअनुसारकै हुने उनले जानकारी दिए ।

यसैगरी अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. रामचन्द्र सापकोटाले चिकित्सक निजी स्वास्थ्य संस्थामा बिरामी हेर्न जाने अवस्थाको अन्त्यका लागि अस्पतालमै पेइङ सेवा सञ्चालन गर्न लागिएको बताए । यस्तै अस्पतालले आइतबारदेखि लागू हुनेगरी बीमाका विरामीका लागि अनलाइन प्रणालीबाट टिकट लिने व्यवस्था गरेको छ ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to T.U.)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५१०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

विज्ञान/प्रविधि

# स्पेस स्टेशनमा अड्किएका अन्तरिक्षयात्रीलाई फिर्ता ल्याउने ड्रागन क्रू के हो ?



अन्तरिक्षमा अड्किएका नासाका अन्तरिक्षयात्रीद्वय सुनिता विलियम्स र बुच ब्यारी विलमोर पृथ्वी आगामी वर्ष सन् २०२५ को फेब्रुअरी महिनामा मात्रै पृथ्वीमा फर्किने भएका छन् । यसका लागि नासाले आगामी सेप्टेम्बर २४ मा क्रु नाइन मिसन प्रक्षेपण गर्नेछ ।

नासाका अनुसार उनीहरुलाई स्पेस एक्सको ड्रागन क्रु क्याप्सुल मार्फत् पृथ्वीमा ल्याइनेछ । यो यान निर्माण पश्चात् हालसम्म ४६ पटक सफल प्रक्षेपण गरिसकिएको छ । ड्रागन क्याप्सुलले ४२ पटक अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको यात्रा गरिसकेको छ । त्यसमा २५ पटक पुन: उडान गरेको छ ।

यो क्याप्सुलमा एक पटकमा सातजना अन्तरिक्षयात्री बसेर यात्रा गर्न सक्दछन् । यो स्पेस स्टेशनमा लगातार अन्तरिक्षयात्री तथा बन्दोबस्तीका सामान लिएर आवतजावत गरि रहने विश्वकै पहिलो निजी अन्तरिक्षयान हो । यो क्याप्सुलको वजन ७ हजार ७०० केजी रहेको छ । कार्गो भरेर प्रक्षेपण गर्दा यसको अधिकतम वजन क्षमता १२ हजार ५०० केजीसम्म हुन्छ । यसले पृथ्वीको कक्षमा ६ हजार केजीसम्म वजनको सामान पुऱ्याउन सक्दछ भने स्पेस स्टेशनसम्म तीन हजार ३०७ केजी वजन पुऱ्याउन र फिर्ता ल्याउन सक्दछ । आमरुपमा यसमा २ देखि ४ जनासम्म अन्तरिक्षयात्री बस्दछन् ।

तथापि आकस्मिक उद्धारका क्रममा अर्थात् आपतकालीन अवस्थामा यसमा सातजना अन्तरिक्षयात्री बस्नसक्ने व्यवस्था छ । आफ्नै क्षमतामा पृथ्वीको तल्लो कक्षमा उडान भर्दा यो १० दिनसम्म अन्तरिक्षमा रहन सक्दछ भने स्पेस स्टेशनसँग जोडिएमा २१० दिनसम्म यो अन्तरिक्षमा रहन सक्दछ ।

अहिलेसम्म १२ क्याप्सुल निर्माण, ६ वटा अन्तरिक्षयात्रीका लागि ड्रागन क्रु क्याप्सुलको उचाई १५ फिट छ । तर, तल्लो प्रपल्सन सिस्टमलाई जोड्दा यसको उचाई २६.७ फिट हुन्छ । क्याप्सुलको भित्र १३ फिट ब्यास तथा १२ फिटको चौडाइ छ । स्पेस एक्सले यो क्याप्सुलका विभिन्न डिजाइनहरु तयार पारेको छ । अहिलेसम्म यस्ता १२ थरी ड्रागन क्याप्सुल बनाइएको छ, जसमा ६ वटा मानवयुक्त यान (क्रु क्याप्सुल), ३ वटा कार्गो यान र ३ वटा प्रोटोटाइप रहेका छन् ।

हाल कुल ८ वटा ड्रागन क्याप्सुल सञ्चालनमा रहेका छन् । जसमा चारवटा क्रु क्याप्सुल छन् जसबाट अन्तरिक्षयात्रीहरुलाई अन्तरिक्षमा पुऱ्याउने र फिर्ता ल्याउने गरिन्छ । तीनवटा कार्गो क्याप्सुलको प्रयोग अन्तरिक्ष स्टेशनमा विभिन्न सामग्रीहरूको आपूर्ति गर्नका लागि प्रयोग हुने गरेको छ । त्यस्तै एउटा प्रोटोटाइप क्याप्सुल पनि चालु हालतमा रहेको छ । अन्य तीनवटा (एउटा क्रु र दुई प्रोटोटाइप) क्याप्सुल भने चालु हालतमा छैनन् ।

एलन मस्कको कम्पनी स्पेस एक्सले निर्माण गरेको ड्रागन क्रु क्याप्सुलको पहिलोपटक सन् २०१९ को मार्च २ मा मानवरहित उडान भएको थियो । मानवयुक्त पहिलो उडान चाहिं सन् २०२० को मे २० मा भएको थियो । त्यस्तै पहिलो कार्गो उडान सन् २०२० को डिसेम्बरमा भएको थियो । यो यानलाई आमरुपमा स्पेस एक्सको फाल्कन ९ ब्लक ५ रकेटबाट प्रक्षेपण गरिन्छ । यसमा स्पेस स्टेशनसम्म जाने र फिर्ता आउनका लागि २५ सय ६३ केजी इन्धन हालिन्छ ।

**क्रु नाइन मिसनमा को को जाँदैछन् ?**

नासाले आगामी सेप्टेम्बरमा प्रक्षेपण गर्ने क्रु नाइन मिसनमा चारजना अन्तरिक्षयात्रीलाई स्पेस स्टेशनमा पठाइँदैछ । त्यसमा कमान्डरको रुपमा जेना कार्डम्यान छन् भने पाइलट निक हेग, मिसन विशेषज्ञ स्टेफनी विल्सन र रुसी अन्तरिक्षयात्री तथा मिसन विशेषज्ञ एलेक्जेन्टर गोरबुनोभ रहनेछन् ।

फर्किने बेलामा अन्तरिक्ष यानमा सुनिता र बुच चढ्ने भएकाले ती मध्ये दुईजना अन्तरिक्षयात्री स्पेस स्टेशनमै बस्नेछन् र बाँकी दुईजना मात्रै फर्किनेछन् । यद्यपि आकस्मिक फिर्तिको उडानका रुपमा उल्लेखित चारैजनासँगै सुनिता र बुच गरी ६ जना नै पृथ्वीमा फर्किने सम्भावना समेत रहने बताइन्छ ।

**बोइंग स्टारलाइनरलाई पृथ्वीमा ल्याइने**

क्रु नाइन मिसन प्रक्षेपण गर्नुअघि हाल स्पेस स्टेशनसँग जोडिइरहेको बोइंग निर्मित यान स्टारलाइनरलाई पृथ्वीमा फिर्ता ल्याउनु पर्नेछ । किनकि स्टार लाइनरलाई पृथ्वीमा फिर्ता ल्याएमात्रै स्पेस एक्सको ड्रागन क्याप्सुलका लागि स्पेस स्टेशनमा डकिंग पोर्ट खाली हुनेछ ।

स्वास्थ्य

# मिसोफोनिया कस्तो समस्या हो, के छ उपचार ?



ढोका खोल्दा वा बन्द गर्दा, चर्को स्वरमा कुरा गर्दा, सवारीसाधन गुड्दा वा सुतेको बेला कसैले घुर्दा आउने आवाज धेरैका लागि सामान्य लाग्छ । तर हामीमध्ये केहीलाई यी आवाजले तनाव दिन्छ । झर्को लगाउँछ, रिस उठ्छ । एकछिन पागल झैं बनाउँछ । न प्रभावित व्यक्तिलाई किन यस्तो भएको थाहा हुन्छ न त उसको समस्या अन्य कसैलाई पत्तो हुन्छ । यस्तो समस्यालाई विज्ञले मिसोफोनिया वा सेलेक्टिभ साउन्ड सेन्सिभिटी सिन्ड्रोम नाम दिएका छन् ।

**मिसोफोनिया कस्तो समस्या ?**

यो एक मनोरोग हो । जुन भावनात्मक कारणले गर्दा कुनै आवाजलाई सहन कठिन हुन जान्छ । यो समस्या हुँदा सबै आवाजले नभई केही आवाज कानमा पुगेपछि भावनात्मक वा शारीरिक प्रतिक्रियामा असर पुग्छ । यस्तो आवाजले रिस उठाउने वा डराउने बनाउन सक्छ । कहिलेकाहीं अन्य असामान्य प्रतिक्रिया समेत देखिन्छ ।

***कस्तो हुन सक्छन् ती आवाज ?***

घडीको सुईको टिकटिक, पन्छी वा जनावर कराउनु, कसैको हिंड्दा पाइलाको आवाज, खाना चपाउँदा आउने आवाज, दुईटा भाँडा घोटिंदा, मोटर गाडी वा ठूला मेसिन लगायत जुनसुकै आवाज हुनसक्छ ।

***यो समस्या किन हुन्छ ?***

यो समस्याको ठोस कारण अहिलेसम्म पत्ता लागेको छैन । तर अब्सेसिभ कम्पल्सिभ डिसअर्डर (ओसीडी), टिनाइटस (कानमा अनौठो आवाज बज्नु), हाइपरक्युसिस (सामान्य आवाज पनि धेरै ठूलो सुन्नु), अटिजम र सेन्सरी प्रोसेसिङ डिसअर्डरबाट प्रभावित व्यक्तिमा यो समस्या देखिन्छ । मस्तिष्कमा आवाज पहिचान गर्ने भाग 'अडिटरी कर्टेक्स'मा बाह्य आवाज पास हुँदा असामान्य किसिमको तरंग उत्पन्न भएमा यो समस्या हुनसक्छ ।

मस्तिष्कमा उत्पादन हुने सेरोटोनिन र डोपामाइन जस्ता न्युरोट्रान्समिटरको कमीले पनि मिसोफोनियाका लागि जिम्मेवार हुने केही अध्ययनले देखाएका छन् । मानसिक तनाव, मनोरोग र आघातले पनि कुनै वस्तुको आवाज सुन्न नसक्ने अवस्था हुनसक्छ ।

**लक्षण**

यो समस्याबाट पीडित व्यक्ति आफूलाई अप्रिय लाग्ने आवाजमा आफ्नो रिस आवेगमा पोख्छन् । केही व्यक्ति आवाजलाई सुन्न नसकी कान थुन्दै सो वातावरणबाट बाहिरिन्छन् । कतिपयमा यस्तो आवाजले नर्भस बनाउने, शरीर तातो हुने, रक्तचाप बढ्ने, छाती दुखेको जस्तो, शरीरभरि नै एक किसिमको दबाब परेको जस्तो अनुभव गराउन सक्छ ।

यस्ता आवाजबाट बच्नकै लागि उनीहरू एकान्तमा बस्न रुचाउँछन् । किनकि आवाजहरूले उनीहरूको मनमा एक किसिमको डर पैदा गर्छ । यही कारणले उनीहरू कुनै पनि काम राम्रोसँग गर्न पनि नसक्ने हुन्छन् ।

**यो समस्याले बढी कस्ता व्यक्तिलाई प्रभावित पार्छ ?**

यो समस्या जोसुकैलाई जुनसुकै उमेरमा हुनसक्छ । कतिपय अध्ययनले मिसोफोनिया तुलनात्मक रुपमा किशोरावस्थामा बढी हुने देखाएको छ । र, जीवनको कुनै न कुनै उमेरमा पाँचमध्ये एक जनाले यो समस्या भोग्ने गर्छन् । मिसोफोनियाले सम्बन्धमा गहिरो असर पार्न सक्छ । बालबालिकामा यसको लक्षण छ भने उनीहरूको स्कुल पर्फमेन्स, अरूसँग गर्ने व्यवहारमा फरक आउँछ । उनीहरू होहल्लामा बस्न नसक्ने हुँदा स्कुल जान पनि मन नगर्न सक्छन् । साथीको आवाज सुन्न पनि कठिन हुने र आफ्नो समस्या बताउँदा पनि नबुझ्दा व्यक्तिमा थप तनाव हुन्छ । कहिलेकाहीं त यही कारणले परिवारबाट नै टाढा जान मन हुनेसम्म हुनसक्छ ।

**हाइपरक्युसिससँग मिल्दोजुल्दो**

सानो स्वर सामान्य रूपमा कानले ग्रहण गर्नुको सट्टा असहज रुपमा ग्रहण गर्ने अवस्था हाइपरक्युसिस हो । हाइपरक्युसिस र मिसोफोनियामा दुवै अवस्थामा आवाजले दैनिकी बिगार्छ । यी दुईमा फरक के छ भने हाइपरक्युसिस भएमा आवाजले गाह्रो पार्ने र कानमा नमिठो दुखाइको अनुभव हुनसक्छ । तर मिसोफोनिया आवाजले भावनात्मक रुपमा असर पार्छ । यसले शारीरिक पीडा कम दिन्छ । मानसिक रुपमा विचलित पार्छ ।

**मिसोफोनियाको उपचार**

यो समस्याको यही उपचारले निको पार्न सक्छ भनेर किटान गर्न सकिने अवस्था छैन । अहिले पनि यसको कारण र उपचारमा के प्रभावकारी हुन्छ भनेर खोज जारी छ । वर्तमान समयमा यसको उपचार पत्ता नलागे पनि विभिन्न उपचार विधि अपनाएर लक्षण कम गर्ने प्रयास गरिन्छ । जसमा म्यानेजमेन्ट प्रोटोकल, टिनाइटस रिट्रेनिङ थेरापी, कग्नेटिभ थेरापी र मनोपरामर्श पर्छन् ।

म्यानेजमेन्ट प्रोटोकलको सेवामा मिसोफोनियाबाट पीडित व्यक्तिलाई ६ देखि १२ हप्तासम्म विभिन्न आवाजको सम्पर्कमा राखेर परीक्षण गरिन्छ । त्यस्तै, टिनाइटस रिट्रेनिङ थेरापीमा समस्या भएकाका लागि सहज ध्वनिको मात्रा कतिको भनेर पत्ता लगाई बिस्तारै सहज गराउँदै ध्वनि बढाउँदै लैजाने पनि गरिन्छ । यो विधि पनि प्रभावकारी हुनसक्छ । हेडफोन प्रयोग गरी मनपर्ने संगीत सुन्ने गरेमा पनि दिमागलाई ट्रिगर पार्ने आवाजबाट बच्न सकिन्छ ।

साहित्य

कविता

# म सानी पुतली



✍ आस्ना रिजाल

कक्षा : ६, नवोदय शिशु सदन

म सानी पुतली
यता उता उडछु
सबैको मनमा बस्न
म सफल हुन्छु

म सानी पुतली
सानो चिन्ता सानो पिरमा
म धैरै रुन्छु
सानी म भएपनि
पिर धेरै हुन्छ

म सानी पुतली
यता उता उड्छु
फूलको रस खान्छु
सन्तानका लागि पेट भर्छु

Poem

# Superman



✍ Aniz Jarga Magar

Navodaya Shishu Sadan

Who starts with zero
He is my real superhero
He is none other than my dad
He'll never make me sad.

He is my teacher and
He is my trainer
When i didn't understand
He is my explainer

I love you superman
You also love me
You are the one
Who always support me.

लघुकथा

# पिपलको बोनसाई

✍ ईगम खालिङ

त्यो दिन श्रुतीको आठौं जन्मदिन थियो । बिहानैदेखि घरका सदस्यहरूलाई हतार भए तापनि आफूचाहिँ आरामले सुतिरहेकी बेलामा उसको कानमै कसैले "श्रुती ! श्रुती ! श्रुती !" भन्दै बोलाएको शक्तिशाली आवाज आउँछ ।

श्रुतीले 'हजुर' भन्नसाथ बैठक कोठाबाट उसलाई कसैले मधुर आवाजमा जन्मदिनको शुभकामना दिन्छ, "श्रुती ! जन्मदिनको हार्दिक मङ्गलमय शुभकामना छ । तिम्रो जीवनमा खुशीको दिन कहिल्यै नसकोस् ।" कहिले नसुनेको आवाज सुनेर ऊ छक्क पर्छे । पलङ्गबाट एक्कासि उठेर ऊ आँखा माड्दै बैठक कोठामा पस्छे अनि एकपल्ट चारैतिर राम्ररी निहाल्छे । तर त्यहाँ कोही पनि नदेखेर ऊ फर्किइरहेको बेला अचानक आवाज आउँछ–"श्रुती ! म यहाँ छु ।"

ऊ झन् छक्क पर्छे कि उसलाई बोलाउने साथै त्यस्तो मीठो स्वरमा जन्मदिनको शुभकामना दिने त त्यो पिपलको बोनसाई बोट पो रहेछ । ऊ के गरु कसलाई सुनाऊ हुन्छे । त्यो बोट फेरि बोल्न थाल्छ, "श्रुती ! मैले आजको दिन पर्खेको सात बर्ष भइसकेको छ । मेरो पीडा कसैले बुझ्न सकेन । म यसरी घरभित्र माटाको थालमा कुच्रिएर बसिरहनु हुँदैन । म यसरी बसिरहे भने तिम्रो परिवारलाई राम्रो हुनेछैन । त्यसैले तिमीले मलाई आज मुक्ति दिनुपर्छ । घर माथिको मन्दिर परिसरमा तिमीले मलाई तिम्रै हातले पुनर्रोपण गर्नुपर्छ ।"

श्रुतीले एकटक लगाएर पिपलको बोनसाई बोटलाई हेरिरहन्छे अनि पिपलको बोनसाई बोटले चाहिँ तपतप आँसु झारिरहन्छ । उनको कलिलो मुटुमा पिपलको बोनसाई बोटप्रति असीम माया पलाएर आउँछ ।

जन्मदिनको केक काटिसकेपछि सबैले श्रुतीलाई जन्मदिनका शुभकामना र कोशिलीहरू दिन थाल्छन्, तर उसले भने आमा-बाबालाई त्यो पिपलको बोनसाई बोट नै जन्मदिनको कोशिलीका रूपमा माग्छे । "छोरी ! तिमीले त्यो माग्नुपर्दैन, त्यो त तिम्रै हो बरु कुनै अरु चीज माग" भनेर आमा-बाबा दुवैले उसलाई सम्झाउने कोसिस गर्छन् । त्यसपछि श्रुतीले उनीहरूलाई बिहानको त्यो घटना एकैसासमा वृतान्त सुनाउँछे । उसको कुरा सुनेर सबैजना आश्चर्यमा पर्छन् ।

श्रुतीका आमा र बाबाले त्यस पिपलको बोनसाई बोटको इच्छानुरूप त्यसलाई घरमाथिको मन्दिर परिसरमा छोरीकै हातबाट पुनर्रोपण गरिदिने निर्णय लिन्छन् । त्यसपछि सबैजना त्यो पिपलको बोनसाई बोट लिएर माथि मन्दिरमा गई त्यसलाई माटाको थालबाट मुक्त गरेर भुइँमा सारिदिन्छन् । त्यस पिपलको बोटले जस्तो श्रुतीलाई धन्यवाद दिन्छ त्यस्तै बढेर सात बर्षमा जत्रो हुनुपर्थ्यो त्यत्रै बोटमा परिणत हुन्छ । त्यस्तो एउटा अविश्वासनीय दृश्यको साक्षी भएर सबैजना अलमल्ल पर्छन् अनि एउटा अनौठो डरमा ईश्वरको नाम लिँदै त्यहाँबाट फर्किन्छन् ।

जब उनीहरू घर आइपुग्छन् त्यतिबेला सबैजना हेरेका-हेरेकै हुन्छन्–नर्सरीका सारा बोनसाईका बोटहरू बढेर एउटा पटेर जङ्गलमा परिणत भइसकेका रहेछन् । अनि घर पनि भत्किएर भताभुङ्ग भइसकेको रहेछ । त्यस घटनापछि अझैं पनि मानिसहरू टाढा-टाढाबाट त्यो मन्दिर परिसरको पिपलको बोट हेर्न आइरहन्छन् ।

कविता

# म क्रिकेटर



✍ सुप्रिम गौतम

कक्षा : ६, नवोदय शिशु सदन

बन्नुछ एक क्रिकेट खेलाडी
मेहनत गरी बढ्नुछ अगाडि
लक्ष्य हो मेरो सफल भई पुग्ने माथि
त्यसका लागि बनाउनु छ परिश्रम साथी

बढ्छु जितेर अगाडि
कहिले नहार्ने नयाँ जित गर्छु प्राप्त
हान्न मजा आउँछ छक्का र चौका
काम गर्नुपर्छ हर बेलामौका

अगाडि बढ्छु मेहेनत गरेर
सफलताको शिखर चुम्नु छ
राम्रो मान्छे बनेर
बनेर उत्कृष्ट क्रिकेटर कमाउँछु नाम
चिनाउँछु नेपाललाई विश्व सामु

# गजल

✍ चिरञ्जीवी दाहाल

भोकमरीमा छिमेकीले अन्न दिन्न भन्छ
महाकाली बगर हाम्रो भन्न दिन्न भन्छ

पालैपालो बोलाएर पठाउँछ कान फुकी
स्थायी सरकार मरेपनि बन्न दिन्न भन्छ

डुबाइ दिन्छ बर्खायाममा बाँध थुनेर बेसी
पानी फाल्ने निकास पनि खन्न दिन्न भन्छ

बहर बाच्छा जस्तै दाउँछ नोकर बनाएर
काममा जोताएर ज्याला टन्न दिन्न भन्छ

जाती धर्म साक्षरता गणनाको कार्य गर्दा
बाटो छेक्छ जनसंख्या गन्न दिन्न भन्छ

# गजल

✍ राजु 'हिमांशु'

धेरै भयो सताउने तनाउ बोकेको
बेसरी मन दुखाउने घाउ बोकेको


मैले त खै उन्नति नै गर्नु भएन
देख्दछु डाह लडाउने दाउ बोकेको

जान्ने छन् धेरै मान्ने छैनन् कोही
रहेछन् सबै गुरुको नाउँ बोकेको

ढाँटहरूको खेल नै भएछ राजनीति
दादागिरीको सिङ्गो गाउँ बोकेको

अब कति हेर्छस् भन् त 'हिमांशु'
अपठनले तेरो ज्ञानी ठाउँ बोकेको

चित्रकला



कृतिशा सापकोटा

कक्षा-९, हेटौंडा एकेडेमी



दिपाशना थापा

जी.एस. निकेतन मा.वि. हेटौंडा

# भ्रष्टाचारमा हदम्यादको च्याप्टर क्लोज



काठमाडौं/ प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले भ्रष्टाचारको अनुसन्धानमा समय अवधि (हदम्याद) नराख्ने सर्वसम्मत निर्णय गरेको छ । समितिको शुक्रबार बसेको बैठकमा गृहमन्त्री रमेश लेखकले कुनै प्रकारको हदम्याद नराख्न तयार रहेको बताए । लगत्तै समितिले भ्रष्टाचार निवारण ऐन २०५९ लाई संशोधन गर्न बनेको विधेयकमा प्रस्तावित पाँच वर्षे हदम्याद हटाउने सर्वसम्मत निर्णय गरेको छ । समितिकी सदस्य एवं कांग्रेसकी सांसद सरिता प्रसाईं हदम्याद नराख्ने विषयमा राष्ट्रिय सहमति भएको बताउँछिन् ।

कांग्रेसका साथै एमाले, माओवादी लगायतका दलका सांसद समेत हदम्यादको विपक्षमा रहेको उल्लेख गर्दै उनले भनिन्, 'नागरिक समाज, संचार क्षेत्र सबैको विरोध थियो । यस्तोमा राज्य फरक ढंगले जान सक्ने अवस्था थिएन र जान पनि हुँदैन ।'

**के हो हदम्याद विवाद ?**

भ्रष्टाचारसम्बधी कानुनमा पहिला पनि हदम्यादको व्यवस्था थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ मा सरकारी तथा सार्वजनिक सम्पत्ति हिनामिना बाहेकमा पाँच वर्षभित्र कारबाही चलाइसक्नुपर्ने, नभए यस ऐनअनुसार कारबाही नहुने उल्लेख छ । अहिले उजुरी जहिले पनि दिनसक्ने, तर उजुरी परेको ५ वर्षभित्र मुद्दा चलाइसक्नु पर्ने व्यवस्था प्रस्तावित छ । सरकारी वा सार्वजनिक सम्पत्ति वा सरकारको स्वामित्वमा भएको सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा हदम्याद नलाग्ने व्यवस्था पहिले पनि थियो, अहिले पनि छ ।

प्रस्तावित विधेयकमा भनिएको छ, 'उपदफा १ र उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सार्वजनिक संस्थाको स्वामित्व वा नियन्त्रणमा रहेको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकामा मुद्दा चलाउन त्यस्तो हदम्याद कायम रहने छैन ।'

अहिले आएको नयाँ के हो भने सर्वोच्चका न्यायाधीश, संवैधानिक अंग र सेनाका पदाधिकारीले अवकास पाएको ५ वर्षभित्र मुद्दा चलाइसक्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । पहिला चाहिँ यस्तो हदम्याद थिएन । यो विधेयक तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले यो विधेयक ७ माघ २०७६ मा राष्ट्रिय सभामा दर्ता गरेको थियो र, ८ असार २०७७ मा बहुमतले पास गर्‍यो ।

प्रतिनिधि सभामा आएपछि भने पाँच वर्षको हदम्याद हटाउन सांसदहरुले संशोधन प्रस्ताव दर्ता गराए । नेपाली कांग्रेसका महामन्त्री समेत रहेका गगन थापा, सांसद अर्जुनरसिंह केसी, जीवन परियार र बद्रीप्रसाद पाण्डे, राजेन्द्र केसी लगायतले भ्रष्टाचारमा हदम्याद राख्न नहुने भनेर संशोधन हाले । एमाले प्रमुख सचेतक महेश बर्तौला, सांसद ठाकुर गैरे, विद्या भट्टराई, र घुजी पन्त लगायतले विधेयकबाट पाँच वर्षको हदम्याद हटाउने गरी संशोधन हाले ।

माओवादी केन्द्रकी नारायणी शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद सुमना श्रेष्ठ, शिशिर खनाल र डीपी अर्याल, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का सांसद प्रेम सुवाल लगायतले पनि पाँच वर्षे हदम्याद हटाउनुपर्ने भनेर संशोधन प्रस्ताव राखे । राज्य व्यवस्था समितिले जसै विधेयकमाथि छलफल थाल्यो, हदम्यादको बहसले प्राथमिकता पायो ।

समितिले भ्रष्टाचार निवारण ऐन २०५९ माथि सैद्धान्तिक छलफल सकेको समितिले विधेयकको नाम र प्रस्तावाना पास मात्र गरेको थियो, हदम्यादको विषयमा चर्को बहस सुरु भयो । संसददेखि सडकसम्म यो मुद्दा उठ्यो । खासगरी प्रतिपक्षी दलहरुले पनि ५ वर्षे हदम्याद हटाउने विषयलाई आफ्नो अडानका रुपमा संसदमा प्रस्तुत गर्न थाले ।

खासगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेताहरुले हदम्यादलाई राजीतिक मुद्दा बनाउन खोजेको सत्तारुढ कांग्रेस र एमालेका नेताहरु बताउँछन् । रास्वपा सभापति रवि लामिछानेले ८ भदौमा चितवनमा भनेका थिए, 'फाइलको डरले ५ वर्षे हदम्यादको कुरा गरेका छन् । आफ्नो लासमाथि टेकेर पास गर्नुहोला त्यो कानुन । हामी जिउँदै छँदा कुनै पनि किसिमका भ्रष्टाचार र भ्रष्टाचारीलाई जोगाउने कानुन पास हुन दिँदैनौं ।'

त्यसपछि रास्वपा नेताहरुले कांग्रेस र एमालेले भ्रष्टाचारी जोगाउन ५ वर्ष हद म्याद राख्न खोजेका छन्, हामी हुन्न दिन्नौं भन्ने भाष्य निर्माण गर्न खोजेको एक नेताले बताए । 'संशोधन हामी हाल्ने, राजनीति चाहिँ उनीहरुले गर्ने ?' हदम्याद हटाउन संशोधन हाल्नेमध्ये एक सत्तारुढ सांसद भन्छन्, 'त्यसले हामीले प्रधानमन्त्री, कांग्रेस सभापति लगायतका नेताहरुलाई भेट्यौं, ५ वर्षे हदम्याद हटाउने निर्णय गरिहाल्न सहमत गरायौं ।' स्रोतका अनुसार कांग्रेस महामन्त्री गगन थापा, एमाले सांसद रघुजी पन्त, राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडा लगायतले शीर्ष नेताहरुसँग छलफल गरेका थिए ।

प्रधानमन्त्री ओली र गृहमन्त्री रमेश लेखकलाई बिहीबार बालुवाटारमा संयुक्त रुपमा भेटेका कांग्रेसका एक नेता भन्छन्, 'हामीसँग विधेयक अगाडि नबढाउने वा हदम्याद हटाउने विकल्प थियो । प्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा हदम्याद हटाउन कन्भिन्स भएपछि नै यो विधेयक अगाडि बढेको हो ।'

शीर्ष नेताहरुले सहमति दिएपछि अरु विषय थाती राखेर ५ वर्षे हदम्याद हटाउने निर्णय गरिहाल्ने तयारीका साथ समितिको बैठक शुक्रबारका लागि बोलाइयो । सिंहदरबारमा बसेको बैठकको सुरुमै गृहमन्त्री रमेश लेखकले भ्रष्टाचारको अनुसन्धानका लागि कुनै प्रकारको हदम्याद नराख्न सरकार तयार रहेको बताए । समितिका सदस्यहरूको धारणा अनुसार सरकार चल्न तयार रहेको उल्लेख गर्दै उनले भने, 'भ्रष्टाचारका मुद्दामा जहिलेसुकै मुद्दा चलाउन सकिन्छ । सरकारको आग्रह छ- जहिलेसुकै मुद्दा चलाउने सुनिश्चितता गरौं । पाँच वर्षे हदम्यादको विषय हटाइदिऔं ।'

सदनमा मात्र होइन, बाहिर पनि यसबारे पर्याप्त छलफल भइसकेको भन्दै उनले भने, विधेयकबाट ५ वर्ष भन्ने शब्द हटाऔं । जहिलेसुकै मुद्दा चल्नसक्ने स्थितिलाई सुनिश्चित गरौं ।'

**विश्वप्रकाश-रविबीच घोचपेच**

गृहमन्त्रीको प्रस्तावपछि छलफलमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा र रास्वपा सभापति लामिछानेबीच घोचपेचसमेत भयो । महामन्त्री शर्माले हदम्यादको विषयमा केही दलले आवेगको राजनीति गरेको भन्दै कटाक्ष गरे । "बडा हार्दिकता छ, सरकार यहीँ छ । प्रतिपक्ष यहीँ छ, पुराना दल यहीँ छौं, नयाँ दल यहीँ छौं', लामिछानेतिर लक्षित गर्दै उनले भने, 'थाहा छैन को मित्रले बाहिर बोल्दा भन्नुभयो - यदि हदम्यादको विषय पारित गर्नतर्फ लागियो भने हाम्रो लासमाथिबाट गुज्रेर पास गर्नुपर्नेछ । कल्ले बोल्नुभयो मलाई सम्झना छैन ।'

शर्माको सामुन्ने बसेका रास्वपाका सभापति रवि लामिछाने जवाफ फर्काइहाले, 'मैले भन्या हो, यसको जवाफ चाहिन्छ भने म दिन्छु ।' 'माफ गर्नुहोला, तपाईंले बोल्नुभएको छ भने आफ्नो पालोमा' विश्वप्रकाश शर्माले भने । लामिछाेले दोहोर्‍याए, 'मैले बोलेको हुँ ।'

दुई नेताबीच सवालजवाफ हुन थालेपछि समिति सभापति रामहरि खतिवडाले समय लिएर मात्रै बोल्न रुलिङ गरे । बोल्ने सांसदले पनि आफ्नो विषय राख्ने संसदीय अभ्यास रहेको स्मरण गरे । त्यसपछि आफ्नो सम्बोधनलाई निरन्तरता दिएका महामन्त्री शर्माले संयमतापूर्वक विषयवस्तु जनतासमक्ष राख्नुपर्ने आफ्नो मनसाय रहेको बताए । उनले भने, 'संयमतापूर्वक, उत्तेजनारहित ढंगले यस्ता विषयहरु आउँदै गर्दा हल गर्ने सामर्थ्य राज्य व्यवस्था समितिले राख्नुपर्छ ।'

राज्य व्यवस्था समिति भनेको राज्यको प्रशासनको व्यवस्था हेर्ने समिति मात्रै नभएर 'समाजको बुझाइलाई बुझाउने गरी व्यवस्थित गर्नेसँग पनि सम्बन्धित' रहेको शर्माले बताए । राजनीतिक दलहरूले समग्र समाजमा रहेको आवेग बढाउने नभइ सम्हाल्नुपर्नेमा उनले जोड दिए ।

नागरिकमा रहेको निराशालाई आशामा बदलेर सुशासनमार्फत मुलुकलाई अगाडि लैजान सबै राजनीतिक दलहरू एक ठाउँमा उभिन सक्दछन् भन्ने सन्देश दिन पनि सफल भएको बताए ।

शर्मा भन्दा अगाडि बोलेका लामिछानेले भ्रष्टाचारमा हदम्याद नराख्ने गृहमन्त्रीले प्रस्तावको स्वागत गरेका थिए उनल भने, 'पुरस्कार मरणोपरान्त समेत दिइन्छ, भ्रष्टाचारमा पनि यस्तै हुनुपर्छ । कसैले भ्रष्टाचार गरेको छ भने मरणोपरान्त समेत भ्रष्टाचारी ठहर गरिनुपर्छ ।'

**"जनभावनाको कदर"**

समितिका अन्य सदस्यहरूले भ्रष्टाचारको अनुसन्धानमा पाँच वर्षको हदम्याद नराख्न नागरिक दबाब रहेको स्मरण गरे ।

एमालेका सांसद रघुजी पन्तले भ्रष्टाचारको अनुसन्धानमा हदम्याद नराख्ने निर्णयले जनताको भावना कदर गर्ने बताए । समितिमा रहेका सदस्यहरुसँग अनौपचारिक कुराकानी गर्दा हदम्याद हटाउने सहमति भएको भन्दै उनले भने, 'सरकारको तर्फबाट गृहमन्त्रीले नै हदम्याद हटाउने कुरा गरेपछि संशोधनकर्ता माननीयहरुको भावना र जनभावनाको पनि कदर भयो ।' नेकपा एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डेले नागरिक दबाब कुन रुपमा थियो भनेर विवेचना गरे । उनका अनुसार भ्रष्टाचारको हदम्यादमा ५ वर्ष किन राखेको भनेर कसैले हप्काउने स्वरमा, कसैले सुझाव दिने स्वरमा सांसदलाई भनेका थिए ।

'यसमा जनताको असाध्यै धेरै चासो छ । संसारभरिबाटै पनि यो हटाऊ भनिएको छ । मलाई लाग्छ-हरेकको फोन आउँदा हदम्याद हटाउनुपर्ने सुझाव छ', उनले भने । सरकारले जनताको कुरा सुनेको भन्दै उनले धन्यवाद दिए । 'गृहमन्त्रीज्यू आफैंले ५ वर्षे हदम्याद हटाऔं भनेपछि सहज अवस्था बन्यो । त्यसका लागि सरकारलाई धन्यवाद', उनले भने ।

माओवादी केन्द्रकी सांसद दुर्गा राईले सेभ नगरेको फोन उठाउन डर लाग्ने अवस्थाबाट मुक्ति पाएको बताइन् । 'अब समितिका सबै सदस्य आजबाट आनन्दले सुत्ने भयौं । जनताको कुरा सुनिदिएकोमा सरकारलाई धन्यवाद', उनले अगाडि भनिन् । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले पनि खुसी प्रकट गरे । 'भ्रष्टाचारमा हदम्याद रहने छैन भनेपछि जहाँसुकै रहेका नेपालीले अब हर्षबढाईं गर्छन्' उनले भने, 'ठूलो दबाबमा परेपछि सरकार हदम्याद हटाउन सहमत भयो भन्ने लागेको छ ।' सांसदहरुको धारणा सुनेपछि सभापति खतिवडाले हदम्याद हटाउनेसम्बन्धी प्रस्ताव प्रस्तुत गरे, जुन सर्वसम्मत पास भयो । अब भ्रष्टाचारसम्बन्धी मुद्दामा कुनै हदम्याद रहनेछैन ।

*(स्रोत: अनलाइनखबर)*

# 'छड्के सलाम' गीतमा बन्ने उत्कृष्ट कभर भिडियो फिल्ममा राखिने



काठमाडौं/दुई हप्ताअघि सार्वजनिक गरिएको फिल्म 'बेहुली फ्रम मेघौली'को 'छड्के सलाम' गीत युट्युब प्लेटफर्ममा रुचाइएको देखिन्छ । ३१ लाखभन्दा बढीले हेरिसकेको यो गीतको पहिलो पंक्ति 'हैन भने है मेरी बुहारीलाई, मै गरम्ला घरको काम'मा सयौं टिकटक र रिल्स बनेका छन् । र, यो संख्या बढ्दो छ । यसले गीतलाई चर्चित मात्र बनाइसकेको छैन, फिल्मप्रति दर्शकको चासो पनि बढाएको छ ।

गीतको चुलिँदो लोकप्रियतालाई मध्यनजर गर्दै फिल्मका निर्माताले दर्शकलाई एउटा गजबको अवसर दिने भएका छन् । यो गीतमा कभर भिडियो बनाउनेमध्ये उत्कृष्ट एउटालाई फिल्ममै समावेश गरिने निर्मात्री एवं अभिनेत्री स्वस्तिमा खड्काले जानकारी गराइन् । गीतको कुनै पनि साउन्ड प्रयोग गरी ल्यान्डस्केप आकारमा भिडियो बनाउनुपर्ने र त्यो एचडी क्वालिटीमा हुनुपर्ने सर्त राखिएको छ ।

गीतमा तयार पारेको कभर भिडियोलाई आफूले चलाउने सामाजिक सञ्जालमा पोस्ट गरेर निर्माण पक्षलाई इमेल पनि पठाउनुपर्नेछ ।

भिडियो जुनसुकै उमेर समूहका व्यक्तिले बनाउन सक्नेछन् । 'छड्के सलाम' गीतमा निश्चल बस्नेत र स्वस्तिमा खड्काको नृत्य छ । कालीप्रसाद बाँस्कोटा, बबिना किराँती र निश्चल बस्नेतको पार्श्व गायन रहेको गीतमा जयन जे बाइवाको शब्द रचना र संगीत छ ।

साजन काफ्ले र आकाश बरालको लेखन तथा निर्देशन रहेको फिल्ममा निश्चल र स्वस्तिमासँगै बसुन्धरा भुषाल, विजय बराल, सिरु बिष्ट, सिम्रन खड्का, लोकेन्द्र लेखक, रक्षा थापा, आमिर गौतम, शिशिर सिवाकोटी, टीका पहारी, प्रभाकर शर्मा, लुनिभा तुलाधर, मुकुन्द मैनाली, रामबाबु रेग्मी लगायतको अभिनय छ । यो फिल्म दशैंको घटस्थापना (असोज १७ गते)देखि प्रदर्शनमा आउँदैछ ।

# 'देवी'को 'सेलाइदेउ खोलामा' गीत: महिलालाई हेर्ने दृष्टिकोणप्रति प्रश्न




काठमाडौं/यही भदौ २१ गते अर्थात् हरितालिका तीजबाट प्रदर्शनमा आउन लागेको फिल्म 'देवी'को नयाँ गीत 'सेलाइदेउ खोलामा' सार्वजनिक गरिएको छ । लिरिकल गीतमा समीक्षा अधिकारी र सज्जा चौलागाईंको पार्श्व गायन रहेको छ भने सुष्मा सिग्देलको शब्द रचना तथा सुशान्त गौतमको संगीत छ । गीतले महिलालाई हेर्ने दृष्टिकोण र गरिने व्यवहारप्रति प्रश्न गर्छ । गीतका शब्दहरू शक्तिशाली छन् ।

क्राइम-थ्रिलर जनरामा तयार भएको 'देवी'लाई सञ्जोग राईले निर्देशन गरेका हुन् । यसमा शिल्पा मास्के, टीका पहारी, गौरव पहारी, नाजिर हुसेन, ुव कोइराला, प्रभाकर न्यौपाने आदिको अभिनय छ । फिल्मले बलात्कारको घटनामा कानुनले पार्ने प्रभावको कथा उठाएको छ । एक्जिबिट स्टुडियोले निर्देशक रामबाबु गुरुङ नेतृत्वको बाँसुरी फिल्म्ससँग सहकार्य गरेर फिल्म निर्माण गरेको हो ।

यसमा निर्देशक राई र अजय गौतमको स्क्रिप्ट लेखन छ । अमेरिकी छायाँकार जोएल फ्रोम एसिएसको डिओपी तथा सन्तोष दवाडी र इयान स्कट क्लेमेन्टको सम्पादन रहेको फिल्ममा रेमन गुरुङ र सञ्जोग राई निर्माता, जावेद खान कार्यकारी निर्माता तथा शिल्पा मास्के, मिलन लामा, उजेन नोर्वे गुरुङ र नारायण गुरुङ सह निर्मातामा छन् । यो फिल्मबाट शिल्पाले निर्माणमा हात हालेकी हुन् ।

# 'वर एन्ड वधु' हलमा, व्यापारिक खडेरी चिर्नुपर्ने चुनौती

काठमाडौं/गत जेठपछि नेपाली फिल्ममा ठूलो व्यापारिक खडेरी देखिएको छ । असार अन्तिममा आएको फिल्म 'घर ज्वाइँ'लाई छाड्ने हो भने असार देखि भदौ पहिलो हप्तासम्म प्रदर्शनमा आएका आधा दर्जनभन्दा बढी फिल्मले लगानीको एक तिहाई पनि उठाउन सकेनन् । जसले गर्दा फिल्म क्षेत्रमा एकखालको सन्नाटा देखिएको छ । तथापि, फिल्मको रिलिजको बाढीले माहोल राम्रैसित गर्माइरहेको छ ।

अब लामो व्यापारिक खडेरीलाई चिर्नुपर्ने चुनौतीसहित शुक्रबारदेखि अभिनेत्री आँचल शर्मा अभिनीत फिल्म 'वर एन्ड वधु'ले प्रदर्शन सुरु गरेको छ । मल्टीप्लेक्सहरुमा सुखद् शोज पाएको फिल्मले प्रदर्शनपूर्व पोखरा र काठमाडौंको प्रिमियरमा राम्रो प्रतिक्रिया प्राप्त गरेको थियो । यसको प्रभावमा व्यापारमा देखिन सक्ने विश्वास निर्माण टिमको छ । तर, 'बुकिङ' भने खासै उत्साहजनक देखिँदैन ।

फिल्मले दुई परिवार बीचको टसललाई मियो बनाएर प्रेम र धोकाको कथा उठाएको छ । 'प्रोडक्सन भ्यालु' उच्च देखिएको फिल्ममा निर्माताले कुनै चीजमा पनि 'कम्प्रमाइज' गरेका छैनन् । फिल्म हेर्दा हरेक दृश्यमा पैसाको खोलो बगेको देखिन्छ ।

निर्देशक मिलन चाम्सले आँखालाई शीतल हुने गरी फिल्म बनाएका छन् । आँचलसहित अभिनेता विवेक कर्माचार्यको अभिनय राम्रो देखिएको छ ।

फिल्ममा आँचल र विवेकसहित विजय लामा, किरण केसी, अंशु महर्जन, कुसुम शर्मा, गरिमा शर्मा, विजु पार्की, सरिता लामिछाने, सृष्टि खड्का, हिउँवाला गौतम, रविन्द्र खड्का, हिमेश पन्त आदिको पनि अभिनय छ ।

यसमा जानुका थापा निर्माता र डा. अमित रिजाल कार्यकारी निर्मातामा छन् । सुदिप बरालको डीओपी रहेको यो फिल्ममा प्रदीप भारद्वाजको कथा, पटकथा तथा संवाद छ ।

# कात्तिक १५ मा थपियो 'पूर्ण बहादुरको सारङ्गी', त्रिपक्षीय भिडन्त निश्चित

काठमाडौं/दशैंको फूलपातीपछि अब तिहारमा पनि नेपाली फिल्मबीच त्रिपक्षीय भिडन्त हुने भएको छ । आगामी कात्तिक १५ (लक्ष्मीपूजा)लाई दुई फिल्म 'एक्टर' र 'मायावी'ले प्रदर्शन मिति घोषणा गरिसकेको अवस्थामा अब यो मितिमा अर्को फिल्म 'पूर्ण बहादुरको सारङ्गी' पनि थपिएको छ । शुक्रबार निर्माण टिमले फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै कात्तिक १५ गतेलाई प्रदर्शन मिति घोषणा गरेको हो ।

फर्स्टलुक पोस्टरमा फिल्मका मुख्य कलाकारद्वय विजय बराल र प्रकाश सपूत चित्रित छन् । विजय फुलेको दाह्री र कपालमा खुसी भावमा देखिएका छन् भने प्रकाश फूलको माला लगाएर हातमा मार्कसिट लिएर खुसी हुँदै दौडिरहेका छन् । यसले उनी कक्षामा पहिलो भएको संकेत गर्छ । फिल्ममा विजय र प्रकाश बुबा-छोराको भूमिकामा रहेको अनुमान गर्न सकिन्छ । पोस्टर अर्थपूर्ण छ ।

सरोज पौडेलको कथा तथा निर्देशन रहेको फिल्ममा विजय र प्रकाशसँगै मुकुन भुसाल, अञ्जना बराइली, माओत्से गुरुङ, भोलाराज सापकोटा, देशभक्त खनाल, बुद्धि तामाङ, विनोद न्यौपाने, अलिसा बास्तोला, जानवी पौडेल, श्याम केसी लगायतले पनि अभिनय गरेका छन् । यसमा विनोद पौडेल र प्रतीक सुवेदी निर्माता तथा कार्यकारी निर्माता रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# विनाअद्यावधिक चलिरहेछन् काठमाडौं महानगरका ५८ प्रतिशत सहकारी

काठमाडौं/काठमाडौं महानगरपालिका मातहतका १ हजार ९४३ सहकारीमध्ये ५८ प्रतिशत विनाअद्यावधिक सञ्चालनमा रहेको पाइएको छ ।

महानगरभित्रका १ हजार १३१ सहकारीले आर्थिक गतिविधिबारे अद्यावधिक नगरेका हुन् । काठमाडौं महानगरका अनुसार ८१२ वटा सहकारीले मात्रै अद्यावधिक भएको हो ।

महानगर सहकारी विभाग अनुसार आर्थिक वर्ष २०८०/८१ मा महानगर मातहतमा रहेको सहकारीहरू अनुशासनहीन देखिएका हुन् । 'हामीले बारम्बार सहकारीहरूलाई वित्तीय अनुशासन पालन गर्न आग्रह गरेका थियौं । तर, धेरै जसले अटेर गरेका छन् । अटेर गर्ने सहकारीको नाम सार्वजनिक गरेका हौं,' सहकारी विभागका एक कर्मचारीले भने ।

**किन भएन अद्यावधिक ?**

महानगरका एक उच्च अधिकारीका अनुसार अहिले सहकारीको अद्यावधिक नगर्ने ४ किसिमका सहकारीहरू छन् ।

'एक थरी झोलामा बोक्ने र किनबेच मात्रै गर्ने सहकारीहरू छन्, जतिबेला बेच्ने हो त्यतिबेला मात्रै अद्यावधिक गर्ने बरू जरिबाना पनि तिर्ने सहकारीहरू पनि छन्,' ती कर्मचारी भन्छन्, 'अर्को थरी चुपचाप काम गर्ने तर तथ्यांक तिर काम नगर्ने, अद्यावधिक गर्न नभ्याउने नगर्ने, पर्‍यो भने जरिबाना पनि तिर्ने हुन्छन ।'

महानगरका अनुसार केही ठूला सहकारीहरूले पनि अद्यावधिक गरेका छैनन् । 'ठूलो परिमाणमा रकम परिचालन भएका हुन्छन् । उनीहरूमाथि उजुरी पनि परेको हुन्छ, गुनासो पनि आइरहेको हुन्छ । त्यो अपडेट गर्न गयो भने अर्को लफडा हुन्छ भनेर नगर्नेहरू पनि छन्,' ती कर्मचारीले भने ।

'अद्यावधिक नगर्ने केही सहकारीहरू मै हुँ भन्ने प्रवृत्तिका पनि छन् । हामीले गरकै ठिक छ नत्र पहुँचको आधारमा मिलाइन्छ भन्नेहरू छन् ।' महानगरले सचेतनामूलक कार्यक्रम गरे पनि अटेर गर्दा समस्या भएको उनले बताए ।

महानगरपालिकाले सार्वजनिक गरेको अद्यावधिक नगर्ने सहकारीहरूमा बचत तथा ऋण सहकारी ९४५ वटा, बहुउद्देश्ययी सहकारी १५४ वटा, कृषि सहकारी १० वटा, उपभोक्ता सहकारी १० वटा, स्वास्थ्य सहकारी २ वटा, श्रमिक सहकारी २ र सिपमूलक, चिया, साझा, सेयर सम्बन्धी सहकारी एक एक वटा रहेका छन् ।

यस्तै अन्य ४ वटा सहकारीको अद्यावधिक भएको छैन । महानगरका ४२ प्रतिशत सहकारीहरू मात्रै अद्यावधिक भएका छन् । जसमा बचत तथा ऋण सहकारी ६५३ वटा , बहुउद्देश्ययी १४४ वटा, कृषि ४, उपभोक्ता ४, स्वास्थ्य ३, सिपमूलक २, पर्यटन र श्रमिक सहकारी एक एक वटा रहेका छन् ।

**७ सहकारी सीआईबीको छानबिनमा**

काठमाडौं महानगरको सहकारी विभागका अनुसार हालसम्म ७ वटा सहकारीलाई अनुगमन गरी थप अनुसन्धान गर्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा पठाइएको छ ।

'बचतकर्ताको बचत फिर्ता नगरेको, सञ्चालक र पदाधिकारीले रकम हिनामिना गरेको तथा थप अनुसन्धान गर्नुपर्ने सहकारीबारे सीआईबीमा पत्र पठाएको छौं,' ती कर्मचारीले भने ।

सुमेरु बचत तथा ऋण सहकारी, स्कवायर बचत तथा ऋण सहकारी, रुरल डेभलपमेन्ट बचत तथा ऋण सहकारी, आधारभूत बहुउद्देश्ययी सहकारी, सत्कार बचत तथा ऋण सहकारी, महाबौद्ध बचता तथा ऋण सहकारी र नमो हारती बचत तथा ऋण सहकारीलाई थप अनुसन्धान गर्न सीआईबीमा पठाइएको उनले बताए ।

*(स्रोत: अनलाइखबर)*

# श्रीलंका भ्रमणअघि कमलसहित तीन खेलाडी बाहिरिए



काठमाडौं/तीव्र गतिका बलर कमलसिंह ऐरीसहित तीन नेपाली क्रिकेट खेलाडी आईसीसी विश्वकप लिग-२ त्रिकोणात्मक सिरिज क्यानडा भ्रमणको बन्द प्रशिक्षणबाट बाहिरिएका छन् ।

नेपालले क्यानडा जानुअघि श्रीलंका डेभप्लमेन्टसँग खेल्ने तीन एकदिवसीय अभ्यास सिरिजलाई १९ सदस्यीय टोली घोषणा गर्दा कमलसँगै स्पिनर बसिर अहमद र सूर्य तामाङ बाहिरिएका हुन् । क्यानडा भ्रमणलाई नेपालले एक महिनाअघि २२ सदस्य टोली बन्द प्रशिक्षणमा बोलाएको थियो । दुई हप्ता भारतको नेशनल क्रिकेट एकेडेमी बेंगलोरमा अभ्यास गरेर नेपाल दुई दिन अघि स्वदेश फर्किएको थियो ।

तीव्र गतिका बलरमा नेपालले सोमपाल कामी, करण केसी, रिजन ढकाल, गुलशन झा र आकाश चन्दलाई १९ सदस्य टोलीमा राखेको छ । आकाशलाई निरन्तरता दिएपछि कमल पर्न नसकेका हुन् । टी-२० विश्वकपमा रहेका प्रतिश जिसीलाई बाहिर राख्दै अर्का बायाँ हाते बलर रिजनलाई नेपालले टोलीमा समेटेको थियो ।

रिजनले गत फेब्रुअरीमा उनले क्यानडासँग दुई ओडीआई खेल खेलेका थिए । आकाशले नेपालबाट दुई ओडीआई र तीन टी-२० आई खेल खेली सकेका छन् । कमल टी-२० विश्वकप टोलीमा रहेपनि एकपनि खेल खेल्न पाएका थिएनन् । अन्तिम १४ सदस्यीय टोलीमा आकाश र रिजनमध्ये एकमात्रै पर्नेछन् ।

स्पिनरमा ललित राजवंशी, सन्दीप लामिछाने र सागर ढकाल छन् । पार्टटाइममा दीपेन्द्रसिंह ऐरी र कुशल मल्ल पनि हुनेछन् । त्यसैले सूर्य र बसिर टोलीमा स्थान बनाउन सकेनन् । नेपालले श्रीलंका डेभ्लपमेन्ट टोलीसँग ३, ५ र ७ सेप्टेम्बरमा मा तीन एकदिवसीय अभ्यास खेल खेल्ने भएको छ ।

*(स्रोत: अनलाइखबर)*

# हेटौंडामा बन्दैछ अन्तराष्ट्रिय गुणस्तरको लेन्स

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ तिलगंगा आँखा प्रतिष्ठानले हेटौंडा-३ बसामाडीमा इन्ट्राओकुलर (कन्ट्याक) लेन्स उद्योगको निर्माणकार्य सुरु गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष रबिभक्त श्रेष्ठको फलामे छड उत्पादन गर्ने उद्योग नबीन रिरोलिङ ईण्डस्ट्रीज बन्द रहेको जग्गामा तिलगंगा आँखा प्रतिष्ठानले भवन निर्माण गरी रहेको हो ।



२०८३ कात्तिकमा ईन्ट्राओकुलर लेन्स उत्पादन गर्ने गरी निर्माण कार्यलाई तीव्रता दिइरहेको तिलगंगा आँखा अस्पतालका निर्देशक एवम् लेन्स उद्योग निर्माणकार्यमा खटिएका हेटौंडाका समाजसेवी सिद्धिलाल श्रेष्ठले बताए । ३१ हजार ९ सय ७६ स्वक्याएरफिटमा फैलिएको भवनको बेस ढलान सकिएको छ । लेन्स उद्योगको भवन निर्माण गर्न दैनिक ४० जना कामदार खटिएका छन् । करिब २६ करोड रुपैयाँ लागतमा हिमालयन विल्डर्स एण्ड ईन्जिनियरिङ निर्माण कम्पनीले भवन निर्माणकार्य ठेक्कामा लिएको हो ।

नबीन रिरोलिङ कम्पनी बन्द भएपछि तिलगंगा आँखा प्रतिष्ठानले यो जग्गा खरिद गरेको थियो । २ विगाहा २ कट्ठा जमिनमा फैलिएको उद्योगको निर्माण कार्य २०८२ चैतसम्म सक्नुपर्ने सम्झौता छ । दुईतले भवन निर्माण सम्पन्न भएको ६ महिनामै उपकरण जडान गरेर २०८३ कात्तिकसम्म लेन्स उत्पादन गर्ने अस्पतालको लक्ष्य छ । हेटौंडा उपमहानगरले वातावरण मूल्यांकन प्रतिबेदन पारित गरेपछि उद्योग निर्माण कार्य अघि बढेको उपमहानगर प्रवक्ता सबिन न्यौपानेले बताए ।

अहिले भवन दुईतले निर्माण गरेपनि पछि थप दुईतला थप्ने गरी 'स्टक्चरल डिजाइनिङ' गरिएको श्रेष्ठले बताए । लेन्स उद्योग संचालनका लागि अस्पतालले करिब २ करोडमा एक दशकअघि जग्गा खरिद गरेको थियो । पहिलो र दोस्रो तलाका कोठा र भवनमा लेन्स उद्योग संचालन गरे पनि तेस्रो र चोथौ भवन निर्माण गरेपछि एप्रोन, माक्स, सेनेटरी प्याडलगायत स्वास्थ्य सामग्री उत्पादन गर्ने योजना रहेको छ ।

उद्योगले पहिलो वर्ष ७ लाख लेन्स उत्पादन गर्ने बताइएको छ । दोस्रो वर्ष १० लाख लेन्स उत्पादन हुने अस्पतालले जनाएको छ । नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठानको उत्पादन विभाग 'द फ्रेड हलोज इन्ट्राओकुलर लेन्स ल्याब्रोटरी' अब केही समयपछि औपचारिकरुपमा हेटौंडामा इन्ट्राओकुलर लेन्स उद्योगको रुपमा रुपान्तरित हुने अवस्थामा पुग्दै छ,' आँखारोग विशेषज्ञ डा.सन्दुक रुइतले बताएका छन् ।

अहिलेसम्म तिलगंगाको भुइँतलामा रहेको ल्याबबाट लेन्स उत्पादन भइरहेको थियो । डा. रुइतको टिमले तिलगंगा आँखा अस्पतालमा उत्पादन गरिरहेको लेन्स अहिलेसम्म विश्वभर ४० मुलुकमा ६५ लाखभन्दा बढी मानिसको आँखामा लगाइएको छ । 'हेटौंडामा लेन्स उत्पादन भएपछि अन्य थुप्रै प्रकारका चिकित्सकीय उपकरण उत्पादनका ढोका खुल्छन्,' डा. रुइतले भने-'लेन्स उत्पादन गर्नु भनेको कुनै पनि विद्युतीय सामग्रीमा प्रयोग हुने चिप्स उत्पादन गरे सरहको प्रविधि हो, लेन्स उत्पादनलाई मानक मानेर अन्य सामग्री पनि उत्पादन गर्न सक्छौं ।'

# सिमलटारमा पहिलोपटक जिल्ला लिग फुटबल प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/हेटौंडा उपमहानगर-११ नम्बर वडाको सिमलटार खेलमैदानमा पहिलोपटक मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिता-२०८१ को शुभारम्भ गरिएको छ ।



शुभारम्भ खेलको उद्घाटन हेटौंडा उपमहानगरप्रमुख मीना कुमारी लामाले गरिन् । पहिलो खेल न्यु डाँफे र महाबीर क्लबबीच भएको हो । पहिलो खेलमा न्यु डाँफेले महाबीरलाई सुन्यको विरुद्ध ७ गोलले पराजित गरेको छ । खेल सुरु भएको २० मिनेटमा डाँफेका जर्सी नम्बर ७ का खेलाडी अभिषेक बल तामाङले १ गोल गरेका थिए भने ४५ मिनेट पछि डाँफेकै जर्सी नम्बर २१ का निसल थापाले अर्को १ गोल थपे ।

यसैगरी क्रमश रितेश श्रेष्ठले १, बोदकुमार वाइबाले १ र शुसान्त तामाङ्ले २ गोल गरेका थिए । न्यु डाँफे क्लबका जर्सी नम्बर १० का खेलाडी शुसान्त तामाङ धेरै गोल गरी म्यान अफ दि म्याच उपाधि जित्न सफल भए । खेलमैदान निर्माण भएपछि वडाकप मात्र भएको चउरमा करिब ४५ वटा जिल्ला लिग गेम हुने मकवानपुर फुटबल संघका जिल्ला उपाध्यक्ष तथा फुटबल प्रतियोगिताका संयोजक युवराज लामाले जानकारी दिए ।

हेटौंडा-६ गौरिटार रंगशाला र सिमलटार खेलमैदान गरी ९० वटा गेम हुने फुटबल संघले जनाएको छ । १५ गते शनिबार सिमलटार खेलमैदानमा दिनको १ बजे सक्षम युवा क्लब र हेटौंडा भेट्रान्सबीच र दिनको ४ बजे आरआर एफसी र एफसी ईन्टरनेट क्लबबीच प्रतिस्पर्धा हुनेछ । यसैगरी गौरीटार रंगशाला मा शनिबारै दिनको १ बजे परेली युवा क्लब र बिजयी युथ क्लबबीच र ४ बजे गोर्खा ब्वाइज क्लब र एफसी ईन्टरनेट क्लबबीच प्रतिस्पर्धा हुने संघका महासचिव छवि सुवेदीले जानकारी दिए ।

फुटबल संघ मकवानपुरका अध्यक्ष टीकाराम लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा उपमेयर राजेश बानियाँ, हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहाल, १४ नम्बरका वडाअध्यक्ष दीपक खड्का, ६ का वडाध्यक्ष बिष्णुबहादुर दाहाल, १७ का वडाध्यक्ष उद्दव सत्याल, वडासदस्य विकास नेपाल, गोपिनी सापकोटा, गीता सुनार, सिमलटार टोलविकास संस्थाका अध्यक्ष सूर्यमान लामा, सिमलटार युवा क्लबका अध्यक्ष प्रभाकर पुडासैनी लगायतको आतिथ्यता थियो ।

# थाहानगरस्तरीय जेसीजकप ब्याडमिन्टन सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/थाहा नगरस्तरीय जेसीज कप डबल ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ । बिहीबारदेखि सुरु भएको प्रतियोतिताको पहिले दिन ४ वटा टिमले विजयी सुरुवात गरेका छन् ।

थाहा नगरपालिकाको क्याम्पाडाँडास्थित कबर्डहलमा भएको प्रतिस्पर्धामा रोशन गोपाली र घनश्याम श्रेष्ठ, नारायण विष्ट र हरि विष्ट, देव अर्याल र नरेन्द्र मोत्तान, इशाक केसी र नरेन्द्र लामाको टिमले विजयी सुरुवात गरेका हुन् । १३ टिमको सहभागिता रहेको प्रतियोगिताको बाँकी लिग चरणको ११ खेल शुक्रबार बिहान ७ बजेदेखि हुने कार्यक्रम संयोजक सुशान्त श्रेष्ठ (च्याङ)ले जानकारी दिए ।

शनिबार बिहान ७ बजेदेखि क्वाटरफाइनल खेल, दिउँसो ३ बजेदेखि सेमिफाइनल खेल र साँझ ५ बजे फाइनल खेल हुने कार्यक्रम संयोजक श्रेष्ठले जानकारी दिए । पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षतामा भएको उद्घाटन प्रमुखअतिथि थाहा नगरप्रमुख विष्णुबहादुर विष्टले गरेका थिए । प्रमुखअतिथि विष्टले खेलकुद प्रतियोगिताले मानिसको शारीरिकसँगै मानसिक विकासमा सहयोग पुर्‍याउने बताए । युवालाई सामाजिक विकासमा जोड्ने महत्वपूर्ण माध्यम खेलकुद भएको प्रमुख विष्टले बताए ।



थाहानगर ब्याडमिन्टन संघ, फरक सोच र शिखर क्लबको समन्वयमा सञ्चालन भएको प्रतियोगितामा थाहा नगरपालिका वडा नं. ३ को सहयोग रहेको पालुङ जेसीज वर्ष २०२४ का कोषाध्यक्ष सञ्जय गोपालीले बताए । उद्घाटन कार्यक्रममा थाहा नगरउपप्रमुख भरत गोपाली, वडा नं. ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, पालुङ जेसीज पूर्वअध्यक्षहरु सुरेन्द्रमान प्रधान, ओमकर विष्ट, कुमार नेगी, मनोज रायमाझी, जयराम खत्री, निवर्तमान अध्यक्ष संगम कार्की, थाहा नगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकाललगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा पालुङ जेसीज वर्ष २०२४ का बोर्डका पदाधिकारी, कार्यक्रम संयोजकको उपस्थिति रहेको थियो । पालुङ जेसीजको आयोजनामा पहिलोपटक थाहानगरमा डबल ब्याडमिन्टन प्रतियोगिता आयोजना गरिएको जेसीजका अध्यक्ष रायमाझीले जानकारी दिए । खेलको माध्यमबाट समाजमा रहेका युवालाई जागरुक बनाई समाजमा क्रियाशील राखी समाजको समृद्धि र विकासमा सहयोग पुर्‍याउने उद्देश्यले प्रतियोगिता आयोजना गरेको रायमाझीले बताए ।

प्रतियोगितामा प्रथम, दोस्रो हुनेले क्रमश: नगद १० हजार, ७ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् भने उत्कृष्ट खेलाडीले नगद २ हजार ५ सय रुपैयाँ ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताका लागि प्रथम नगद पुरस्कार पालुङ जेसीजका अध्यक्ष निरज रायमाझीले आफ्ना स्वर्गीय हजुरबुवा रणबहादुर रायमाझीको स्मृतिमा प्रायोजन गर्ने भएका छन् । त्यस्तै दोस्रो नगद पुरस्कार मकवानपुरगढी जेसीजका अध्यक्ष विजय पुडासैनी तथा उत्कृष्ट खेलाडी नगद पुरस्कार सिमारा जेसीजका लक्की रिमालले प्रायोजन गर्ने भएका छन् ।

प्रथम हुने टिमलाई ट्रफी र मेडल पालुङ जेसीज वर्ष २०२४ का महासचिव विक्रम गोपाली, दोस्रो हुने टिमलाई ट्रफी र मेडल कोषाध्यक्ष सञ्जय गोपाली तथा उत्कृष्ट खेलाडीलाई ट्रफी मिडिया संयोजक श्रीकृष्ण श्रेष्ठले प्रायोजन गर्ने छन् ।

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पर्‍यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्


हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhabahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत लामा फ्रेस मिट सप
अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...
ओम फ्रेस मिट सप
तपाईंको सेवामा



यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।
प्रोप्राइटर:
नुतन लामा
ओम फ्रेस मिट सप
हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)
सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१

DFSK EC 36
" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "

हाम्रो ई.भी. सेवा
हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाण्डौं काउन्टर:-०१-५४०४४४५,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४० पुरानो मकवानपुररोड
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस् ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना